# नेशनल हाईड्रो पावर कम्पनी लि.
# National Hydro Power Co. Ltd.
बिनायकनगर-१०, नयाँ बानेश्वर, काठमाडौं

## Unaudited Balance sheet (Quaterly)

As on 30th Poush 2079
**Second Quarter ended of Fiscal Year 2079/80**

Amount in NPR

| Particulars | This Quarter ending As on 30th Poush 2079 | Previous Quarter ending As on 31st Asoj 2079 | Corresponding Previous Quarter ending As on 30th Poush 2078 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non- Current Assets:** | | | |
| **Property, Plant and Equipment** | | | |
| Gross Block | 2,042,125,956 | 2,038,711,689 | 1,905,736,557 |
| Less: Accumulated Depreciation | 1,022,879,856 | 1,008,837,435 | 961,561,257 |
| **Net Block** | **1,019,246,100** | **1,029,874,254** | **944,175,300** |
| **Project Work In Progress** | | | |
| Lower Indrawati 4.5 MW | 766,174,576 | 764,113,838 | 9,265,693 |
| Investments | 107,030,500 | 100,030,500 | 449,925,100 |
| **Current Assets:** | | | |
| Advances & Receivables | 121,077,762 | 112,705,540 | 415,807,480 |
| Sundry Debtors | 34,550,725 | 22,323,802 | 15,109,590 |
| Cash & Cash Equivalent | 2,605,648 | 13,127,313 | 735,102 |
| | **2,050,685,311** | **2,042,175,246** | **1,835,018,265** |
| **EQUITY AND LIABLITIES** | | | |
| **Shareholders' Funds** | | | |
| Equity Share Capital | 1,645,016,944 | 1,645,016,944 | 1,385,911,200 |
| Reserve and Surplus | 31,208,519 | 23,846,553 | 260,869,694 |
| **Non-Current Liabilities** | | | |
| Loans | 246,235,486 | 250,706,728 | 158,379,932 |
| **Current Liabilities** | | | |
| Short Term Borrowings | 45,306,879 | 38,302,848 | 10,442,834 |
| Sundry Creditors & Other Payables | 67,091,387 | 71,823,988 | 14,107,852 |
| Provisions | 15,826,096 | 12,478,185 | 5,306,753 |
| | **2,050,685,311** | **2,042,175,246** | **1,835,018,265** |

## UNAUDITED INCOME STATEMENT (Quaterly)

**For the period ending 1st Kartik 2079 to 30th Poush 2079**
**Second Quarter of Fiscal Year 2079/80**

| Particulars | This Quarter FY 2079-80 | Previous Quarter FY 2079-80 | Corresponding Quarter FY 2078-79 |
|---|---|---|---|
| Revenue | 55,893,698 | 63,628,432 | 55,513,743 |
| Less: Direct Expenses | 13,644,718 | 19,407,183 | 19,808,187 |
| **Gross Profit** | **42,248,979** | **44,221,249** | **35,705,556** |
| Administrative Expenses | 9,373,599 | 9,247,773 | 5,198,924 |
| **Profit from Operation** | **32,875,380** | **34,973,476** | **30,506,632** |
| Less: | | | |
| Financial Expenses | 8,123,083 | 10,498,289 | 6,134,547 |
| Depreciation | 14,042,421 | 14,340,975 | 13,256,657 |
| Add: | | | |
| Other Income | - | - | - |
| **Profit Before Tax** | **10,709,876** | **10,134,212** | **11,115,428** |
| Provision for Bonus | 214,198 | 202,684 | - |
| Provision For CSR | 107,099 | 101,342 | - |
| Provision for Tax | 3,026,614 | 3,011,876 | 2,566,171 |
| **Net Profit after Tax** | **7,361,966** | **6,818,310** | **8,549,257** |
| **Balance transferred to Balance Sheet** | **7,361,966** | **6,818,310** | **8,549,257** |

Note: 1) The above figures are subject to change as per direction of the regulatory/ External Auditors.
2) The figures for previous quarter have been restated, regrouped whereever necessary which might vary from previous quarter published figure.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित**

अनुसूची १४

**आ.व. २०७९/०८० दोश्रो (पौष मसान्त) त्रैमासिक अवधिको विवरण**

**१. वित्तीय विवरण:**

(क) आ.व. २०७९/०८० को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू :

| | |
|---|---|
| प्रति शेयर आम्दानी रु. १.७९ (वार्षिकीकरण) | प्रति शेयर नेटवर्थ रु. १०१.८० |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. १२४.५५ | मूल्य आम्दानी अनुपात (PE Ratio):– १४०.१३ |

**२. व्यस्थापकीय विष्लेशण:**

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालको घटनाहरू:

**(क) सुनकोशी हाइड्रोपावर कं.लि.को प्राप्ति**

सुनकोशी हाइड्रो पावर कम्पनी लि.लाई प्राप्त/ग्रहण गर्नको लागि स्वीकृति प्राप्त भए पश्चात मिति २०७९/०६/१४ बाट सुनकोशी हाइड्रो पावर कम्पनी लि. र यस नेशनल हाइड्रो पावर कं.लि.को एकीकृत कारोबार आरम्भ भइसकेको छ र सुनकोशी हाइड्रो पावर कम्पनी लि.का नेशनल हाइड्रो पावर कं.लि. बाहेकका शेयरधनीहरूको नाममा २५,००० कित्ता शेयर सूचीकृत गर्न स्वीकृतिको लागि नेपाल धितोपत्र बोर्डमा प्रकृयामा रहेको छ ।

**(ख) तल्लो इन्द्रावतिको अध्ययन तथा संरचना पुन: निर्माण**

तल्लो इन्द्रावती जलविद्युत आयोजन (४.५ मेगावाट) को सर्वेक्षण अनुमति पत्र प्राप्त भए पश्चात सो आयोजनाको प्राविधिक तथा वातावारणीय अध्ययन समाप्त भइसकेको छ। उक्त आयोजनाको विद्युत खरिद बिक्री सम्झौताको लागि नेपाल विद्युत प्राधिकरणसँग Grid Connection Agreement सम्पन्न भइ, विद्युत खरिद बिक्री सम्झौताको अन्तिम स्वीकृतिको लागि विद्युत नियमन आयोगमा प्रकृया रहेको छ । यो आयोजनको भत्किएका सुरुङ्ग तथा अन्य संरचनाहरूको पुन: निर्माण कार्य चालु छ । सुनकोशि हाइड्रो पावर कम्पनी लि.को प्राप्ति पश्चात सो कम्पनीले तल्लो इन्द्रावती जलविद्युत आयोजनमा गरेको सम्पूर्ण लगानीलाई Project Work in Progress (WIP) मा रकमान्तर गरिएको छ ।

**(ग) साधारण शेयर बापत भुक्तानी प्राप्त नभएको (calls in arrears) रकमको व्यवस्थापन गर्ने**

कम्पनीको शेयर सूचीकृत गर्दाको बखत देखिकै कम्पनीको हिसाब तथा शेयर रजिष्ट्रार (RTS) को अभिलेखको विश्लेषण गर्दा कम्पनीको रु.१००।– प्रति कित्ताको २२,४७० कित्ता साधारण शेयर बापत जम्मा रु.७,२५,०००।– को आंशिक भुक्तानी मात्र प्राप्त भएको देखिएकोले कम्पनीको हिसाबमा रु.१५,२२,००० भुक्तानी प्राप्त नभएको (calls in arrears) देखिंदै आएको छ । सो calls in arrears को हिसाब मिलान गर्नको लागि उक्त २२,४७० कित्ता शेयरको व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

**(घ) हकप्रद शेयर जारी गर्ने**

कम्पनीको २५औं साधारणसभा र विशेष साधारणसभाले बोनश शेयर तथा सुनकोशी हाइड्रो पावर कम्पनीको प्राप्ति पश्चात कायम हुने चुक्ता पूजी को ५० प्रतिशत (अर्थात १०:५ को अनुपातमा) हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गरेकोमा सोको लागि विद्युत नियमन आयोगबाट समेत स्वीकृति प्राप्त भइ नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको प्रकृया अगाडी बढाइएको छ ।

**(ङ) उज्यालो इनर्जि सोल्युसन प्रा.लि.:**

यस कम्पनीले उज्यालो इनर्जि सोल्युसन प्रा.लि.मा ७५ प्रतिशत शेयर धारण गर्ने सम्बन्धमा सो कम्पनीसँग मिति २१ अक्टोबर २०२२ मा सम्झौता सम्पन्न गरी सो कम्पनीले प्रवर्द्धन गर्दै आएको करिब ४२ मेगावाटको लिखु जलविद्युत आयोजानको अध्ययनमा यस कम्पनीले अगुवाइ गरिरहेको अवस्था छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण:**

(क) यस कम्पनीले उच्च अदालत पाटनमा जितेका मुद्दाहरू उपर विपक्षीले सर्वोच्चमा पुनरावेदन दर्ता गरी मुद्दा चलिरहेको छ ।

(ख) यस कम्पनीले काठमाण्डौ जिल्ला अदालतमा दायर गरेको मुद्दा मात्र विचाराधिन अवस्थामा रहेको छ ।

**४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण:**

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु.२७९.०० | कुल कारोबार दिन | ५२ |
| न्यूनतम मूल्य | रु.१७६.५० | कुल कारोबार संख्या | १८,६५४ |
| समिक्षा अवधिको अन्तिम मूल्य | रु.२५१.०० | कुल कारोबार शेयर संख्या | ४६,७०,१०५ |

**५. समस्या, चुनौतिहरू तथा रणनीतिहरू :**

(क) लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि.: यस कम्पनीको लगानी रहेको लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लि. १४.१५ मेगावाट, (भोजपुर) आयोजनामा बंकर लगायतको निर्माण कार्य सम्पन्न भई नेपाली सेना आयोजना स्थलमा गई सकेको हुनाले विष्फोटक पदार्थ आयोजना स्थलमा पुऱ्याई, करिब २३०० मिटर सुरुङ्ग (करिब ८० प्रतिशत) उत्खनन् भई सकेको छ। त्यसैगरी अन्य सिभिल संरचना निर्माणको काम करिब ६० प्रतिशत सम्पन्न भइसकेको छ। विद्युतीय मेशिन तथा उपकरणहरू तथा हाइड्रो मेकानिकल उपकरणको ठेक्का सम्झौता सम्पन्न भइ इलेक्ट्रोमेकानिकल सम्बन्धी करिब ६० प्रतिशत र हाइड्रो मेकानिकल सम्बन्धी करिब ७० प्रतिशत काम सम्पन्न भइ सकेको छ । यस आयोजनाको वित्तीय व्यवस्थापनको लागि मिति २०७७/१०/२१ मा माछापुच्छ्रे बैंक लि.को अगुवाईमा नेपाल एसबिआई बैंक लि. र ज्योति बिकास बैंक लि.सँग ऋण सम्झौता गरिएको र सो सम्झौता अनुसार ऋण प्रवाह समेत हुन थालिसकेको छ ।

(ख) यस कम्पनीले अन्य उपयुक्त नयाँ जल विद्युत आयोजना साझेदारीमा विकास गर्न विभिन्न इजाजतपत्र प्राप्त व्यक्ति तथा संस्थाहरूसँग वार्ता गरिरहेको छ ।

**६. संस्थागत सुशासन:**

यस कम्पनीले संस्थागत सुशासनलाई सदैब उच्च प्राथमिकतामा राख्दै आएको र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ सुदृड बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषणा:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्ने आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।